# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०८१/८२ कोशी प्रदेश ,नेपाल
च.नं. ४५०

मिति २०८१/०७/०४

श्री सबै सामुदायिक विद्यालयहरु ,
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।

विषय : विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा विद्यालयले शिक्षक, भौतिक तथा व्यवस्थापकीय पक्षसँग सम्बन्धित विवरण पूर्णरुपमा अध्यावधिक नगरेको कारण शिक्षक व्यवस्थापन, दरबन्दीको पुनः वितरण, दरबन्दी मिलान लगायतका कार्यमा कठिनाई भएको भन्ने शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको सूचना तथा स्थानीय तहबाट शिक्षक तलब भत्ता लगायत अन्य अनुदान विद्यालयलाई निकासा दिनुपूर्व IEMIS मा उक्त विवरण प्रविष्टि/अध्यावधिक भए/नभएको यकीन गरी तत्पश्चात मात्र निकाशा दिनुपर्ने व्यवस्था भएकोले सबै विद्यालयहरुले शिक्षक लगायत भौतिक र व्यवस्थापकीय पक्षसँग सम्बन्धित (IEMIS मा भएका सबै Information field हरु) विवरण तत्काल प्रविष्टि/अध्यावधिक गर्नु गराउनुहुन अनुरोध छ । साथै समयमा यथार्थ विवरण प्रविष्टि/अध्यावधिक नभएका कारण शिक्षक दरबन्दी मिलान एवं तलब भत्ता भुक्तानीमा समस्या हुन गएमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक नै जिम्मेवार हुने व्यहोरा समेत सम्बन्धित सबै विद्यालयहरुलाई जानकारी गराइएको छ ।

..........................
फणिन्द्र बहादुर कटवाल
नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी,भक्तपुर



# शिक्षकको विवरण अद्यावधिक गर्ने/गराउने सम्बन्धमा ।

## शिक्षकको विवरण अद्यावधिक गर्ने/गराउने सम्बन्धमा ।

**श्री स्थानीय तह**
**सबै ।**

शैक्षिक वर्ष २०८१ को विद्यालय शिक्षासँग सम्बन्धित विवरण एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (**Integrated Educational Management Information System (IEMIS**) मा प्रविष्टि/अद्यावधिक गर्न सूचना प्रकाशित गरिएकोमा अधिकाश विद्यालयहरूले विद्यार्थीसँग सम्बन्धित विवरण मात्र प्रविष्टि/अद्यावधिक गरी र शिक्षक, भौतिक तथा व्यवस्थापकीय पक्षसँग सम्बन्धित विवरण पूर्णरूपमा अद्यावधिक नगरेको पाइएको छ । जसका कारण शिक्षक व्यवस्थापन, दरबन्दीको पुन: वितरण, दरबन्दी मिलान लगायतका कार्यमा कठिनाइ पइरहेको छ। तसर्थ दरबन्दी मिलान समेतको प्रयोजनका लागि सबै विद्यालयहरूलाई शिक्षक लगायत भौतिक र व्यवस्थापकीय पक्षसँग सम्बन्धित (IEMIS मा भएका सबै Information field हरू) विवरण तत्काल प्रविष्टि/अध्यावधिक गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

स्थानीय तहबाट शिक्षक तलबभत्ता लगायत अन्य अनुदान विद्यालयलाई निकासा दिनुपूर्व IEMIS मा उक्त विवरण प्रविष्टि/अद्यावधिक भए/नभएको यकीन गरी तत्पश्चात् मात्र निकासा दिने व्यवस्था हुन र समयमा यथार्थ विवरण प्रविष्टि/अद्यावधिक नभएका कारण शिक्षक दरबन्दी मिलान एवं तलबभत्ता भुक्तानीमा समस्या हुन गएमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक नै जिम्मेवार हुने व्यहोरा सम्बन्धित विद्यालयहरूलाई जानकारी गराइदिनुहुन अनुरोध छ ।

१ कात्तिक, २०८१

A+ A−